दशैं विशेष अंक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-७
शिखरकोट, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

**शुभ विजया दशमी, दीपावली तथा छठपर्व २०७७**
को पावन अवसरमा हाम्रा पाठक, विज्ञापनदाता, पत्रकार तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय
**शुभकामना**
व्यक्त गर्दछौं ।
विकास www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
परिवार

● मकवानपुर, वर्ष-१३, ● अंक-१४ ● २०७७ कार्तिक ०३ गते सोमबार, ● 19 Oct. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## चिल्लाङ्का नेवार समुदायलाई दशै मनाउने बाटो खुल्यो

◆ विकास समाचारदाता
**थाहानगर**

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १० का नेवार समुदायले यसवर्ष दशैं मनाउने भएका छन् । दशैंभन्दा एकसाता अघि नै कात्तिक १ गते परेकोले थाहा-१० मा रहेको चार गाँउका नेवार समुदायका लागि दशैं मनाउने बाटो खुलेको हो । उनीहरू कात्तिक सङ्क्रान्तिमा हुने चम्पाकेश्वर महादेवको पुजा नसकी दशैं मनाउँदैनन् ।

ऐतिहासिक बस्तीका रूपमा रहेका गोपाली र गमालहरूले परम्परागत चम्पाकेश्वर महादेवको पुजा सकेकाले साविक दशैं मनाउने भएको स्थानीय भाषा गुरू श्याम बहादुर गोपालीले



बताए। कार्तिक संक्रान्तिको आठ दिनअघि गोपाली समुदायको परम्परागत जात्राका लागि 'आँग' अर्थात प्रसादका लागि जाँड राख्ने दिन हो । 'आँग' राखेपछि दशैंको त के कुरा जुनसुकै पर्व परेपनि हामी मनाउँदै मनाउँदैनौं' गोपालीले भने-'यसवर्ष दशैं पछि छ, मनाउँछौं ।' यो परम्परा न्हुँलगाँउ र टौखेल तथा गमालको बसोबास रहेको कलाँटु र तल्लो बिसिङ्खेलबासीमा रहेको स्थानीय टंक बहादुर महत्तले बताए । यदि दशैं रोकिएमा चार गाउँका नेवार समुदायले कार्तिक १ गते चम्पाकेश्वर जात्रा मनाएर २ गते सगोलमा राँगा काट्ने, ३ गते बोकाको बली सहित कुल पुजा गरेर ४ गते टीका लगाउने चलन रहेको छ ।

कार्तिक संक्रान्तीका दिन गोपाली समुदायका गुठीयारहरूले चार गाउँका चार घेम्पो जाँड ल्याउने प्रचलन अनुसार यसपालि पनि चम्पाकेश्वर मन्दिरमा नोल लगाएर ल्याई प्रसाद बाँडेका छन् । जाँड र 'कक बजी' अर्थात एक पटक मात्र कुटेको चिउरा प्रसादको रूपमा खाने गरिन्छ । उक्त प्रसाद खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास छ । अघिल्ला वर्षहरूको तुलनामा यसवर्ष भने भिडभमड कम गरेर मनाइएको स्थानीय कर्ण गोपालीले बताए । यद्यपि मानिसहरू पुजाआजा गर्न भने आएको वडा अध्यक्ष हिराबहादुर गमालले बताए । १ कार्तिक विहानै दुई गुठियारले ३६५ घैला पानीले महादेव नुहाएपछि फुलपाता चढाइएको थियो भने परम्परागत रूपमा गाउँ नै पिच्छे मन्दिर परिसरमा ल्याई नचाइने 'ट्वाक्क' नाच भने प्रदर्शन गरिएको थियो ।

## टोल विकास संस्थाको सक्रियतामा सरसफाई अभियान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ मा रहेको कुन्छाल फाँट टोल विकास संस्थाको सकृयतामा ३० असोजमा सरसफाई कार्यक्रम भएको छ ।

वडा नम्बर ६ मा रहेको कुन्छालफाँट टोलको दुप्चेबजारदेखि सुनौला मावि परिसरसम्मको क्षेत्रमा सरसफाइ गरिएको



टोल विकास सस्थाका अध्यक्ष निराज गोपालीले जानकारी दिए । सरसफाई कार्यक्रममा टोल विकास संस्थाको पदाअधिकारी तथा स्थानीयहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

साप्ताहिक रूपमै सरसफाई कार्यक्रम संचालन गरिने अध्यक्ष गोपालीले बताए । टोलमा सरसफाईको साथै अन्य सुधारात्मक कार्यक्रमहरू संचालन गरिने अध्यक्ष गोपालीको भनाइ छ ।

**हार्दिक मंगलमय शुभकामना**

**शुभ विजया दशमी**
२०७७ को पावन अवसरमा यस नगर कार्यपालिकाका सदस्यहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनीधिहरु, विषयगत समितिहरु, संघसंस्था, सहकारी, विद्यालय, राजनीतिक दल, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं ।

नगर प्रमुख: लवशेर विष्ट
नगर उपप्रमुख: खड्ग बहादुर गोपाली
प्रमुख प्रशासकीय अधिकृत: हरिलाल पुरी

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, परिवार
इन्द्रायणी चौर, मकवानपुर

**हार्दिक मंगलमय शुभकामना**

**शुभ विजया दशमी**
२०७७ को पावन अवसरमा यस नगर कार्यपालिकाका सदस्यहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनीधिहरु, विषयगत समितिहरु, संघसंस्था, सहकारी, विद्यालय, राजनीतिक दल, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्ष: जीवन लामा
नगर उपप्रमुख: उमा कुमारी लामा
प्रमुख प्रशासकीय अधिकृत: शैलेन्द्र भण्डारी

**इन्द्रसरोवर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, परिवार
कुलेखानी, मकवानपुर

**नेपाल सरकारको सूचना !**

स्वास्थ्य नै धन हो ।
कोभिड-१९ संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, विदेशबाट फर्किएकाहरुलाई दुर्व्यवहार नगरौं।

- कोभिड-१९ रोग जो कोहीलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बँच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालिन सम्पर्क नम्बरहरु जानी राखौं ।
- कोभिड-१९ संक्रमितहरुलाई राख्ने क्वारेन्टाइन र आइसोलेशनको बारेमा जानकारी गराऔं ।
- मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्ड सम्बन्धी सूचना सम्प्रेषण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# सम्पादकीय

## दशैंको शुभकामना

मुलुकभर दशैंको रौनक छाएको छ । नौरथाका दिनहरु बित्दै जाँदा के शहर, के गाउँ सम्पूर्ण ठाउँमा चहलपहल बढेको छ । यस वर्ष कोभिड–१९ को संक्रमणका कारण आवगमनमा केही मत्थरता देखिए पनि अब पर्वको मारमा चहलपहलले जितेको छ । कमाउन र पढ्ने लगायतका विभिन्न प्रयोजनका लागि आफ्ना थातथलो छोडेर टाढा बसेका व्यक्तिहरु मान्यजनको आशीर्वाद लिन घर फर्किन थालेका छन् । मकवानपुरको थाहानगर क्षेत्रमा हेटौंडा तथा काठमाण्डौ जस्ता मुख्य नाकाबाट प्रवेश गर्नेहरुको दिनदिनै हुल बढेको छ । थोरै सवारी साधन धेरै यात्रु भएपछि यात्रामा खँचाखच हुन थालेको छ । यद्यपी, यातायात व्यशायीहरुले यसलाई व्यवस्थापन गरिरहेका छन् । हिन्दुहरुको महान् चाडपर्व भनिए पनि दशैंले सम्पूर्ण नेपालीलाई एकसूत्रमा बाँधेको छ । धार्मिक रुपमा निरपेक्ष रहेको हाम्रो देशमा दशैं पर्व धार्मिक सहिष्णुताका दृष्टिले एक अनुपम उदाहरण बन्न पुगेको छ । धार्मिक पक्षमा मात्र जड भएर नबसी यो पर्वले सामाजिक सद्भाव र भावना जसरी बलियो बनाएको छ त्यो सराहनीय र सकारात्मक छ ।

दशैंको सामाजिक पक्ष बलियो भए पनि यो पर्वसंग जोडिएको आर्थिक पाटो र यसले पार्ने प्रभाव सकारात्मक देखिएका छैनन् । हरेक वर्ष यो पर्व मनाउने तौरतरिका भड्किलो बन्दै गएको छ । अहिले दशैंकै कारण ऋणै बोक्नुपर्ने तनावपूर्ण अवस्थामा बहुसंख्यक नेपाली नहोला यद्यपि यो पर्वको बेला हुनेखाने र हुँदा खानेबीचको आर्थिक खाडल गहिरिँदै गएको भने प्रस्टै देखाउँछ । एकातिर खानेकुराको जोहो गर्नै धौधौ परिरहेका बेला समाजको अर्को तप्कामा दशैं भड्किलो र खर्चालु बन्दै गएको छ यो प्रवृत्तिलाई निरुत्साहित गरिनु आवश्यक छ ।

विजयप्राप्ति दशैंको प्रतीकात्मक अर्थ हो । त्रेतायुगमा अयोध्याका राजा रामचन्द्रले अत्याचार र अधर्मका प्रतीक रावणलाई युद्धमा हराएको पौराणिकतासंग यो पर्व जोडिएको छ । यसैका आधारमा समाजशास्त्रीले दशैंलाई शक्ति प्रदर्शनको पर्व भन्दै राजनीतिसंग समेत जोडेर हेर्ने गरेको पाइन्छ । दशै जस्तो महान पर्वका अवसरमा अब मुलुकको नेतृत्व गर्ने नेताहरुले देशको अवस्थालाई ध्यानमा राखेर काम गर्नु पर्ने देखिन्छ । मुख्य चुनौतिको रुपमा रहेको कोभिड–१९ नियन्त्रण र नागरिकलाई जनताको सरकार भएको अनूभूति दिलाउन सक्ने गरी संघ, प्रदेश र स्थानीय सरकारले नतिजामुखी काम गर्न सक्ने क्षमताको विकास हवस् विजया दशमीको हार्दिक मंगलमय शुभकामना ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# चाडपर्वमा सचेत रहौं !



गोविन्द चापागाईं

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण विश्वमा नै कोरोनाले आक्रान्त पारिरहेको अवस्थामा हाम्रो मुलुक पनि अछुतो रहन सकेन । गत चैतको ११ गतेदेखि मुलुक लकडाउन भयो । त्यसको लामो समयपछि अर्थात् तीन महिना मुलुकले चरम आर्थिक मन्दीको सामना गर्नुपर्‍यो । त्यसपछि दोस्रो पटक साउनमा मुलुकमा निषेधाज्ञा भयो । यो पनि करिब १ महिनाभन्दा बढी समयसम्म लम्बिँदा मुलुकको सबै वित्तीय संस्था तथा व्यवसायहरू धेरै ऋणात्मक अवस्थामा आइपुग्यो भने धेरै मानिसको रोजीरोटीसमेत गुमेको छ । अझै पनि मुलुकभित्र धार्मिक देवालयहरू सुचारू भएका छैनन् भने पार्टी प्यालेस, खेलकुद प्रतिष्ठान र सिनेमाहल पनि सरकारले संचालनको अनुमति दिएको छैन ।

कोरोना महामारीले जताततै थला परिरहेको अवस्थामा यसले विगत ६ महिनादेखि साना तथा ठूला हिन्दूहरूको चाडबाडमा समेत नकारात्मक असर गरेको छ । कहीँकतै पनि धार्मिक भेला, गोष्ठीलगायत कुनै पनि कार्य नगर्न/नगराउन समेत स्वास्थ मन्त्रालयले आग्रह गरेको छ । काठमाडौं उपत्यकामा पछिल्लो समयअनुसार कोरोनाको हट स्पट बनिरहेको अवस्थामा दिनानुदिन संक्रमितको संख्याले रेकर्ड राख्दै गइरहेको अवस्थामा झन् काठमाडौं उपत्यकामा संक्रमणको उच्च जोखिममा रहेसँगै हिन्दूहरूको महान् चाड विजयादशमी, दीपावली तथा छठ पर्व नजिकिँदै गर्दा झन्झन् कोरानाले उपत्यकालगायत मुलुकका प्रमुख सहरहरूमा कोरोना संक्रमण अत्यधिक फैलने र पछि महामारीले विकराल रूप लिने हो कि भन्ने आममानिसको धारणा छ । तर पछिल्लो समयअनुसार चाडबाड नजिकिएसँगै मानिसहरूको चहलपहलमा उल्लेख्य वृद्धि हुनु र काठमाडौंबाट आफ्नो जन्मथलो गाउँसम्म जाने मानिसहरूको लर्को भने दिनानुदिन बढिरहेको हामी देख्न सक्छौं । यसरी उपत्यकाबाट मानिसहरू गाउँ जाँदा संक्रमित फैलने जोखिम अत्यन्तै बढी हुन्छ ।

केही हप्ताअघि मात्रै सरकारका प्रवक्ता एवं परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीले पत्रकार सम्मेलनमा भन्नुभएको थियो । यसपालिको दसैं, तिहार र छठजस्ता नेपालीहरूको महान् चाड जो जहाँ छ त्यहीँबाट बसेर मात्र मनाउन आग्रह गर्नुभएको छ । अहिलेको विषम परिस्थितिका कारण संक्रमणको जोखिम उच्च रहेको अवस्थामा त्यहाँमाथि काठमाडौं उपत्यका कोरोनाको अत्यन्तै जोखिम रहेको ठाउँमा काठमाडौंबाट गाउँ जाँदा संक्रमण फैलिन सक्ने र घरमा रहेका आमाबुबा, दाजुभाइ, काकाकाकी, हजुरबा हजुरआमा, कोही दीर्घ रोगी हुनुहुन्छ भने उनीहरूमा कोरोना सर्न सक्ने धेरै सम्भावना भएकाले हामीले आशीर्वाद वृद्ध बाआमाबाट फोनबाट पनि लिन सक्छौं । त्यसैले मेरो आग्रहलाई स्वीकारेर भए पनि विनम्र अनुरोध छ, यो पालिको महान् चाड जो जहाँ छौं त्यहीँबाट मनाउनुपर्ने कुरा मन्त्री ज्ञवालीले पत्रकार सम्मेलनमा बताउनुभयो । उहाँले चाडपर्व मनाउँदा एकबाट अर्को ठाउँमा नगई घरको परिवारको सदस्यबीच सामाजिक दूरी तथा स्वास्थ्यसम्बन्धी मापदण्ड अपनाएर मात्र मनाउन आग्रह गर्नुभयो र दक्षिणको आदानप्रदान गर्दा पनि विद्युतीय माध्यमबाट गर्न अनुरोधसमेत गर्नुभयो । यदि कसैले चाडबाडको नाममा हेलचेक्र्याइँ गर्छ भने उसलाई कानुनी कारबाहीसमेत हुने कुरा जानकारी दिनुभयो ।

**यस्तो विषम परिस्थितिमा तपाईं–हामी आफैं सचेत रहनु जरुरी हुन्छ । जीउज्यान रहे त फेरि यस्ता अरू धेरै चाडपर्व मनाउन सकिन्छ । जीउज्यान नै नरहे के मनाउने ? त्यसैले काठमाडौं उपत्यकामा कोरोनाको अत्यन्तै संक्रमित अर्थात् हटस्पट बनेको अवस्थामा चाडबाड मनाउँदा अत्यन्तै सचेत भएर मनाउनुपर्छ । केही समयको क्षणिक आनन्दले पछि स्वास्थ्यमा नराम्रो असर गर्न सक्छ, त्यसैले घरमा नै बसेर पारिवारिक रूपमा सचेत भएर मात्र चाडबाड मनाउने गर्नुपर्छ । कोरोना संक्रमणबाट आफू पनि बच्नुपर्छ र अरूलाई पनि बचाउनुपर्छ ।**

हो, यस्तो विषम परिस्थितिमा तपाईं–हामी आफैं सचेत रहनु जरूरी हुन्छ । जीउज्यान रहे त फेरि यस्ता अरू धेरै चाडपर्व मनाउन सकिन्छ । जीउज्यान नै नरहे के मनाउने ? त्यसैले काठमाडौं उपत्यकामा कोरोनाको अत्यन्तै संक्रमित अर्थात् हटस्पट बनेको अवस्थामा चाडबाड मनाउँदा अत्यन्तै सचेत भएर मनाउनुपर्छ । केही समयको क्षणिक आनन्दले पछि स्वास्थ्यमा नराम्रो असर गर्न सक्छ, त्यसैले घरमा नै बसेर पारिवारिक रूपमा सचेत भएर मात्र चाडबाड मनाउने गर्नुपर्छ । कोरोना संक्रमणबाट आफू पनि बच्नुपर्छ र अरूलाई पनि बचाउनुपर्छ ।

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण सदस्य तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः
मधुकर विक्रम श्रेष्ठ
पालुङ कृषि तथा पशुपन्छी कृषक समूह परिवार
थाहा-२, पालुङ शहर

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण साथी तथा सहकर्मी महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. मधुकर विक्रम श्रेष्ठ
सजना भैराइटी परिवार
थाहा नगरपालिका-२ पालुङ

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संचालकः
उद्धव विडारी/सन्तोष सुवेदी
ऋषेश्वर काष्ठ उद्योग परिवार
थाना-४, स्कूल चोक

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संचालकः रामकुमार कार्की
ओम साइराम डिजिटल परिवार
थाहा-३, शिखरकोट बजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संचालकः गणेश प्रसाद विष्ट
गणेश मोबाइल रिपेयरिङ सेन्टर परिवार
थाहा-३, शिखरकोट बजार

# पूर्वाधार विकासः हेटौंडा काठमाण्डौं ५५ किलोमिटर

◆ विकास संवाददाता



प्रदेशको राजधानी हेटौंडाबाट काठमाडौं जोडिने कम दुरीको मार्गअन्तर्गत् भैंसेदेखि भीमफेदीसम्मको ११ किमि सडक दुई लेनको बनाउने कार्य जारी छ ।

भीमफेदीदेखि कुलेखानी हेबीसम्मको जटिल १६ किमि बाटोलाई ३.२१ किमि सुरूङ निर्माण गरी सहज बाटो बनाएर बाटोको दुरी कम गर्ने, कुलेखानी हेबीदेखि सिस्नेरीसम्मको ६ किमि बाटो निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । भीमफेदी कुलेखानी सुरूङ निर्माणपछि फाष्टट्र्याकको कोगटे दोभान खण्डमा सडक जोडिँदा हेटौडाबाट काठमाडौं ५५ किलोमिटरमात्र हुनेछ । छोटो दुरीको मार्गलाई अझै छाटो बनाउने विषयमा हिजो बागमती प्रदेश सरकार र स्थानीय सरकारका प्रतिनिधिहरूले अनुगमन समेत गरेका हुन् । सडकलाई अझै छोटो वनाउने विषयमा छलफल समेत भएको छ ।

बागमती प्रदेशका मुख्यमत्री डोरमणि पौडेल, पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाल, योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल, प्रधानमन्त्रीका पूर्वाधारविज्ञ सल्लाहकार गजेन्द्र थपलिया, प्रदेश नीति तथा योजना आयोगका सदस्य श्याम बस्नेत, पूर्वाधार विकास मन्त्रालयका सचिवलगायत प्राविधिक टोली, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जिवन लामा, नेपाली सेनाका प्राविधिक समूहले १ कात्तिकमा स्थलगत अनुगमन गरेको छ । अध्ययनलाई तत्काल अगाडि बढाएर सोहीअनुसार डिजाइन गरी कार्य अगाडि बढाउन मुख्यमन्त्री पौडेलले निर्देशन दिएका छन् ।

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा नगरका सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटरः
सुरज प्रधान
प्रधान भाँडा एण्ड गिफ्ट पसल परिवार
थाहा नगरपालिका, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा नगरका सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटरः
मुकेश मिश्र (९८४५०७०५६५)
विशाल मोटरसाइकल वर्कसप परिवार
थाहा-४, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटरः
मनश्याम बस्नेत
पालुङ मेडिकलहल
थाहा-३, शिखरकोट परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, तथा शिक्षाप्रेमी र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हिमालयन इङ्लिस बोर्डिङ स्कूल, परिवार
थाहा-४, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पुर्ण सदस्यहरु, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः
कविराज खत्री
थाहानगर उद्योग वाणिज्य संघ परिवार
थाहा-४, चेम्बरमार्ग

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पुर्ण जनप्रतिनीधिहरु, कर्मचारी साथीहरु, राजनीतिकदल, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कार्यालय प्रमुख एवम्
मालपोत कार्यालय शिखरकोट, परिवार
थाहा-४, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटरः
उत्तम प्रसाद पौडेल
पौडेल वस्त्रालय एण्ड सप्लायर्स परिवार
थाहा-४, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः
हरिकृष्ण कार्की
थाहा स्वास्थ्य सहकारी संस्था लि. बाट सञ्चालित थाहा पोलिक्लिनिक परिवार
थाहा-३, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष/संचालकः सानुकाजी गोपाली
श्री बज्रवाराही भिएसबीके कम्पनी प्रा.लि. परिवार
थाहा-६, मकवानपुर

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पुर्ण ग्राहकवर्ग, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उपशाखा प्रमुखः
उद्धव विडारी
प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. परिवार, थाहा-४, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः शिवहरि बर्तौला
व्यवस्थापकः सरोज अधिकारी
ग्रामिण पर्यटन व्यावसायीक सहकारी संस्था लि. परिवार थाहा-३, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः कविता विष्ट
व्यवस्थापकः शकुन्तला गोपाली
चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था लि. परिवार, थाहा-३

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः रामचन्द्र थिङ
व्यवस्थापकः जनक तामाङ
हिमशिखर बचत तथा ऋण सहकारी संस्था लि. थाहा-७, डाँडाबास परिवार

thahatimes.com
पल-पलको खबरका लागि लगइन गर्नुहोस् ।

# बंगेरीका बालबालिका स्कुल जाँदैनन्

◆ विकास संवाददाता

सिलाबरको थोत्रो थाल । त्यसैमा निस्तो ढिँडो खाइरहेका छन् बालबालिका । छेवैमा छन्, आमा सुविना र बाबु सोमबहादुर चेपाङ । भर्खर २७ वर्ष पुगिन् सुविना । यही उमेरमा उनका ६ सन्तान छन्, एकदेखि १२ वर्षसम्मका । त्यसो त उनले ९ वटा बच्चा जन्माएकी हुन् । तीन जना जोगिएनन् । ती सबैको झाडापखालाले ज्यान गएको सुविना बताउँछिन् । मंगलबार बिहान यो चेपाङ दम्पती छोरछोरीलाई ढिँडो खुवाएर मजदुरीमा निस्कने हतारोमा थियो । उनीहरूले दुई माना मकैको पिठोको ढिँडो पकाएर ८ जनाले भाग लगाए । तरकारी थिएन ।

चोप्ने नुनखुर्सानीसम्म नि थिएन । बिहान ८ बजे खाएको यही ढिँडोले बेलुकीसम्म धान्नुपर्छ ।

बेलुकी आमाबाबुले ज्यालाबनी गरेर पिठो ल्याए बच्चाबच्चीको पेटमा पर्छ । नत्र भोकै सुत्नुपर्छ । त्यसैले उनीहरू सबै जना कुप्रोषणले ग्रस्त भएझैं देखिन्छन् । पिँडुला साना, पेट ठूलो छ । उनीहरूका आङमा कपडा त छ, तर सबै च्यातिएको । त्यसमाथि मयल कटकटिएको छ । १५ वर्षमै विवाह गरेकी सुविनाले १६ वर्षदेखि नै बच्चा जन्माइन् । ती सबै घर मै जन्मिए । स्वास्थ्यचौकी गराएर गर्भजाँचसम्म गराइनन् । स्वास्थ्यचौकीमा सुत्केरी हुँदा भत्ता पाइन्छ भन्नेसम्म उनलाई थाहा छैन । भए पनि स्वास्थ्यचौकी पुग्न त्यहाँबाट तीन घण्टा हिँड्नुपर्छ ।

हेटौंडा उपमहानगरपालिका–१५ बङ्गेरीमा जस्तापाताले छाएको एकतले काठको घर छ उनीहरूको । 'भूकम्पपीडित भनेर बाहिरका मानिस आई जस्तापाता दिएका थिए,' सुविनाले भनिन्, 'पहिले पानी चुहिएर भित्र बस्न सकिने हुँदैनथ्यो ।' तीन छोराछोरी पढ्ने उमेरका भइसके । तर, उनीहरू स्कुल जाँदैनन् । नजिकको स्कुल भनेकै दुई घण्टा टाढा छ ।

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
सन्तोष कार्की/शनिस गोपाली
न्यू शंकर होटल परिवार
थाहा-३, मकवानपुर

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, तथा शिक्षाप्रेमी र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः ईश्वरलाल रुम्बा
प्रधानाध्यापकः रमेशमान डंगोल
बज्रवाराही मावि परिवार
थाहा नगरपालिका-६, बज्रवाराही

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः गोकर्ण बरुवाल
व्यवस्थापकः राजाराम कार्की
पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि. परिवार थाहा-१ फाँटबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदबिहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः शिवकुमार खत्री
व्यवस्थापकः राजन मिश्र
कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्था लि.
शिखरकोट परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः
मधुसुदन विष्ट
शिखर बचत तथा ऋण सहकारी संस्था लि. परिवार
थाहा-३, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः पुरुर्षोत्तम कार्की
व्यवस्थापकः प्रकाश पौडेल
पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
थाहा-४, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदबिहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः उर्मिला भट्ट
व्यवस्थापकः सन्दीप सुनार
गौतम बचत तथा ऋण सहकारी संस्था लि. परिवार
थाहा-३, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः प्रेमबहादुर गोपाली
व्यवस्थापकः कपिल ढकाल
सेति गणेश कृषि सहकारी संस्था लि. परिवार
थाहा-३, गोपाली गाउँ

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः
प्रविण कुमार विष्ट
दामन कृषि सहकारी संस्था लि.
परिवार, थाहा-४ शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः हेरमान गोपाली
सचिवः निराजन गोपाली
व्यवस्थापकः मनराज गोपाली
कुन्छाल बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, थाहा-६, बज्रवाराही

# जनकल्याणलाई स्कूल बस सहयोग प्राप्त



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्याण माध्यमिक विद्यालयलाई स्कूल बस सहयोग प्राप्त भउको छ । नगरकै पुरानो हाइस्कूल जनकल्याण माविमा विद्यार्थी बोक्न पहिलोपटक बस आएको छ । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले थाहा नगरको जनकल्याण माविलाई आइचर कम्पनीको स्कूल बस उपलब्ध गराएको हो ।

३० असोजमा कम्पनीले स्कूल बस विद्यालय प्राङ्गणमै ल्याइदिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजिव स्याङ्तानले बताए । विद्यालयमा विद्यार्थी आवागमनको सहज व्यवस्थापन गर्न विद्यालयले पहिलेदेखि नै बस सुविधा संचालनका लागि पहल गर्दै आएको थियो । यसैबीच प्रदेश सरकारले प्रदेशका २५ विद्यालयलाई बस उपलब्ध गराउने भए पछि जनकल्याण छनोटमा परेको हो ।

विद्यालयमा बस आएपछि तत्काललाई बज्रवाराही र दामन क्षेत्रका विद्यार्थी ल्याउने–लैजाने गरी संचालनको योजना बनाउने तयारी भएको अध्यक्ष स्याङ्तानको भनाइ रहेको छ । बज्रवाराही क्षेत्रका लागि पालुङ क्याम्पसका विद्यार्थीहरूलाई समेत सुविधा हुने उनले बताए । दशैं विदापछि विद्यालय संचालनसँगै विद्यार्थीहरूसँग न्यूनतम शुल्क लिएर बस संचालनको योजना छ ।

# चित्लाङको शिरैमा चि बहा: पुर्नस्थापना

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ९ मा चि बहाः अर्थात बौद्ध छोर्तेनको पुर्नस्थापना गरिएको छ । चित्लाङ चन्द्रागिरी सडक निर्माण तथा विस्तारको क्रममा बाटेमा रहेको उक्त बौद्ध छोर्तेनलाई नजिकैको डाँडामा पुर्नस्थापनासहित मर्मत संभार गरिएको स्थानीय बुद्धरत्न मानन्धरले जानकारी दिए ।

चन्द्रागिरी भन्ज्याङ स्थित चित्लाङ–थानकोटको दोसाँधमा रहेको करिब १ सय वर्षभन्दा पुरानो बौद्ध छोर्तेन अर्थात चि बहाः र मन्दिर स्थान्तरण गरिएको हो । उक्त सम्पदालाई स्थानीय नागरिकहरू, वडा कार्यालयको सहमती र सडक विभागको समेत सहकार्यमा चन्द्रागिरीको भन्ज्याङमा पुर्नस्थापना गरिएको मानन्धरले बताए ।

वि.सं. २०७६ सालको अन्ततिर निर्माण सुरू हाल नयाँ स्थानमा ति सम्पदा पुर्नस्थापना सम्पन्न भएको हो । उक्त स्थानमा प्रदेश सरकारको सहयोगमा हिल स्टेशन निर्माणाधिन छ । उक्त सम्पदा बौद्ध धर्मावलम्वीहरूको आस्थाको केन्द्रको रूपमा स्थापित छ ।

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: मान बहादुर लामा
थाहा नगरपालिका-१२
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: किरणमान बल
थाहा नगरपालिका-११
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: हिरा बहादुर गमाल
थाहा नगरपालिका-१०
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: परशुराम श्रेष्ठ
थाहा नगरपालिका-९
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: टिकाराम रम्बा
थाहा नगरपालिका-८
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: सनमसिं मोक्तान
थाहा नगरपालिका-७
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: शशीधर सुवेदी
थाहा नगरपालिका-६
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: विष्णुबहादुर गुरुङ
थाहा नगरपालिका-५
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: दिपकसिं लामा
थाहा नगरपालिका-४
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: राजेश के.सी.
थाहा नगरपालिका-३
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: गुप्त बहादुर कार्की
थाहा नगरपालिका-२
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: हेरमान गोपाली
थाहा नगरपालिका-१
वडा कार्यालय परिवार

# चित्लाङ-थानकोट सडकको निर्माण तिव्रता



◆ विकास समाचारदाता

तराईबाट काठमाण्डौं जोड्ने मुलुककै पुरानो मार्ग चित्लाङ-थानकोट सडकको निर्माण तथा स्तरोन्नतीले गति लिएको छ । सडकमा अहिले पनि साना चारपाङ्ग्रे सवारी संचालन भैरहेका छन् । मकवानपुरकै चर्चाको विषय बन्दै गइरहेको सडकको स्तरोन्नतीका लागि सर्वपक्षिय चासो भएकाले पनि निर्माण कार्य तिब्र रूपमा अघि बढेको स्थानीय पर्यटन व्यवशायी राशरण नेपालले बताए । सो सडकमा दशै अघि नै ठूला सवारी समेत संचालन हुन सक्ने गरी निर्माण कार्य तिब्र गतिमा भैरहेको छ ।

कोरोना भाइरस (कोभिड-१९) का कारण निर्माण कार्यमा भएको ढिलासुस्तीलाई सहजीकरण गर्न ११ साउनमा भौतिक पुर्वाधार विकास मन्त्रालय बागमती प्रदेशको आयोजनामा भएको अन्तरक्रिया पश्चात् निर्माणका लागि सजिलो भएको हो । अन्तरक्रियामा सडक निर्माणका लागि सबै एकमत भएका थिए । सडक निर्माणमा सहजीकरणका



लागि गठन भएको समितिले अहिले जिम्मेवार भएर काम गरिरहेको बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलले जानकारी दिए ।

चित्लाङ थानकोट सडकको चन्द्रागिरी भन्ज्याङदेखि थानकोटको पानीघाट सम्मको कठिन बाटो अहिले स्तरोन्नती भैरहेको छ । सडक निर्माणका लागि पि.एस. किरातेश्वर जे.भी.ले ठेक्का पाएको हो । वि.सं. २०७३ साल साउन १७ गते सम्झौता भएर थालिएको निर्माण कार्य हालसम्म पनि पूरा हुन नसकेपछि स्थानीयहरू, जनप्रतिनीधीहरू, राजनीतिक दलका प्रतिनीधिहरू, तथा प्रदेश भौतिक पूवार्धार तथा विकास मन्त्रालय समेत पूर्णताको लागि जुटेका हुन् । निर्माण कम्पनीले वि.सं. २०७७ वैशाख १५ गतेसम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा जम्मा ५० प्रतिशत मात्र काम भएपछि सबै एकजुट भएर सडक निर्माणमा दबाब सृजना गरिएको थियो । अहिले भट्टाभट् काम भैरहेको छ ।

थानकोट चन्द्रागिरी सडकको थानकोट पानीघाटदेखि काठमाण्डौंसम्म सडक पिच रहेको भने पानीघाटदेखि देउरालीसम्म टूयाक खोली चार पाङ्ग्रे हलुका सवारी साधन संचालन भैरहेको छ । उक्त सडक खण्डको देउरालीदेखि टौखेल नौखण्डे मोडसम्म ग्राभेल भई यातायात सहजै सुचारू भैरहेको छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com.np
जि.प्र.का.दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# प्रवासीलाई दशैं सम्झाउने गितको भिडियो सार्वजनिक



◆ विकास संवाददाता

मकवानपुरको प्रमुख पर्यटकीय स्थल दामनस्थित नेपालकै लामो फलामे भऱ्याङमा छायांकन गरिएको पहिलो म्युजिक भिडियो सार्वजनिक भएको छ । गीतकार एवम् निर्माता रामकुमार प्रधानको पहिलो म्युजिक भिडियो शनिबार घटस्थापनाको अवसर पारेर चर्चित ओयसआर डिजिटलले युट्युब च्यानलमार्फत् सार्वजनिक गरेको हो ।

दामनका स्थानीय समाजसेवी विनोदकुमार लामाको परिकल्पनामा निर्माण गरिएको फलामे भऱ्याङ र भऱ्याङ चढेर पुगिने प्राकृतिक टावरमा छायांकन गरिएको पहिलो म्युजिक भिडियो १ कार्तिकमा सार्वजनिक भएको हो । पालुङ जेसीजका पूर्व अध्यक्ष एवम् नवक्षितिज कला केन्द्रका निर्देशक विजयश्याम अमात्यले निर्देशन गर्नुभएको रामकुमार प्रधानको 'परदेशबाट' गीतको म्युजिक भिडियोमा अस्मिता बिक र सुवाष सोनामले मोडेलिङ गरेका छन् भने पालुङ जेसीजका पूर्व अध्यक्ष भरत गोपाली, रत्न गोपाली र छविराम पराजुलीको समेत अभिनय रहेको छ । गीतमा चन्द्र श्रेष्ठको संगीत र प्रताप दासको स्वर रहेको छ ।

> 'परदेशबाट घरदेश जाने दाइ, सञ्चै छ रे भनिदिनू'

देवेन्द्र गिरी 'हुरहुर' को छायांकन रहेको उक्त म्युजिक भिडियोमा मेकअप रवि केसीको रहेको छ । गीतमा दशैंमा घर आउन नपाएको परदेशी नेपालीको विषयवस्तु समेटिएको छ ।

हाल संयुक्त अरब इमिरेट्स (युएइ) स्थित आवुधाबीमा रहनुभएका गीतकार एवम् निर्माता प्रधानले दामनको कीर्तिमानी फलामे भऱ्याङमा छायांकन गरिएको पहिलो म्युजिक भिडियो बन्न सफल भएकोमा आफूलाई निकै खुशी लागेको बताए । यो । यसअघि उनको एउटा गीत रेकर्ड भइसकेको भए पनि म्युजिक भिडियोसहित सार्वजनिक भएको पहिलो हो ।

गीतकार प्रधानले 'परदेशबाट घरदेश जाने दाइ, सञ्चै छ रे भनिदिनू मेरी प्यारीलाई' भन्दै गीतमार्फत् परदेशमा आफ्नो प्यारीको सिरानीमा राखेको फोटोबाहेक अरू सबै विरानी भएको र अर्को साल आफू पनि घर आउने बताए । म्युजिक भिडियोमा संगीत संयोजन आमोस गोलेको रहेको छ भने निसान घिमिरेको सम्पादन रहेको छ ।

आफ्नो २७ औं निर्देशनमा निर्माण भएको म्युजिक भिडियो सार्वजनिक भएपछि थाहापाटीसित प्रतिक्रिया व्यक्त गर्दै निर्देशक अमात्यले भन्नु भयो, 'राष्ट्रिय ख्यातीप्राप्त टिमसँग काम गर्ने अवसर पाएँ, अघि बढ्न अझ उत्साह थपिएको छ ।'

'परदेशबाट' गीतको म्युजिक भिडियोमा दामनको भऱ्याङ र प्राकृतिक टावरको अतिरिक्त थाहा नगरका विभिन्न दृश्यहरू समेटिएका छन् ।



# दशैं आयो !

यसपालिको दशैं शुरू भैसकेको छ । यसवर्ष कोरोना भाइरसको जोखिम बढेकाले अघिल्ला वर्षहरूमा जस्तो रौनक छैन । तैपनि स्थानीयहरूले परम्परा धान्दै लिङ्गे पिङ हाल्न थालेका छन् । हाम्रा स्थानीय सहकर्मी मञ्जुर गोपालीले थाहा-१ मा रहेको ऐतिहाँसिक वस्ती कुन्छालमा पिङ हाल्दै गरेको फोटो खिचेर पठाएका हुन् । **फोटोः मञ्जुर गोपाली/विकास**

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
राम प्रसाद गोपाली
गोपाली लेखापढी सेवा सदन परिवार
थाहा नगरपालिका, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
सुदीप अधिकारी
अधिकारी लेखापढी सेवा सदन परिवार
थाहा नगरपालिका, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
जेयो तामाङ/भिम बहादुर स्याङ्तान
टिष्टुङ-आग्रा लेखापढी सेवा सदन परिवार
थाहा नगरपालिका, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
कृष्ण बलामी/सरिता बलामी
आफ्नै लेखापढी सेवा सदन परिवार
थाहा नगरपालिका, थानाबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, तथा शिक्षाप्रेमी र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः विष्णु विष्ट
प्रमुखः रामहरि अधिकारी
पालुङ बहुमुखी क्याम्पस परिवार
थाहा-३, इन्द्रायणी चौर मकवानपुर

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
सुमन विष्ट
होटल सुनगाभा परिवार
थाहा-४, नयाँगाउँ

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सञ्चालकः
माधव कार्की
'डाँडाघरे बा' को होमस्टे परिवार
थाहा-१, फाँटबजार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, तथा शिक्षाप्रेमी र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः राजीव कुमार स्याङ्तान
प्राचार्यः सानोभाइ कार्की
जनकल्याण प्राविधिक तथा साधारण विद्यालय परिवार
थाहा-३, घट्टेचौर

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटरः
सन्तोष कुमार चौधरी
सन्तोष भाईको कपडा पसल परिवार
थाना-३, शिखरकोट

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, तथा शिक्षाप्रेमी र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्षः नवराज विष्ट
प्रधानाध्यापकः विष्णुहरि ढकाल
मत्स्यनारायण मावि
थाहा-४ परिवार

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी